उच्च अदालत पाटन, हेटौंडा इजलास
हेटौंडा, मकवानपुर
(प्रशासन शाखा)
☎ : ०५७-५२७१६५/५२३२३१
Email: info.hcihetauda@supremecourt.gov.np
admin.hcihetauda@supremecourt.gov.np

मितिः २०७८/०४/०७

# सूचना

सम्मानित सर्वोच्च अदालत तथा यस अदालतद्वारा जारी पूर्व सूचना बमोजिम कोरोना भाईरस संक्रमणसमेतलाई दृष्टिगत गरि निषेधाज्ञा अवधिभर यस अदालतबाट प्रवाह गरिएका सेवा सूविधाहरु संकुचन भई आएकोमा सम्मानित श्री सर्वोच्च अदालतको मिति २०७८ असार ३१ को पूर्ण बैठकको निर्णयानुसार देहाय बमोजिम हुने गरि यस अदालतबाट प्रवाह हुने सवै सेवाहरु मिति २०७८/०४/१५ देखि नियमित सूचारु हुने भएकोले सो बमोजिम गर्नुहुन सम्पूर्ण सेवाग्राहीहरुमा यसै सूचनाद्वारा जानकारीका लागि अनुरोध छ ।

देहायः

१. नयाँ भेरियन्टसहितको कोरोना भाइरसको संक्रमण नेपालमा पनि फैलिरहेको र त्यसको रोकथाम तथा नियन्त्रणका लागि नेपाल सरकार, लगायत संबद्ध निकायहरुबाट जारी भएका आदेश र विद्यमान अवस्थाको मूल्यांङ्कनसमेतका आधारमा यस अदालतबाट सम्पादन हुने कामकारवाही र सेवा प्रवाह स्वास्थ्य सूरक्षा सम्बन्धी निर्धारित सम्पूर्ण मापदण्डहरुको पूर्ण पालना हुने गरि मिति २०७८/०४/१५ देखि सबै प्रकारका सेवाहरु नियमित रुपमा संचालन हुनेछ ।

२. मिति २०७८/०१/१५ देखि २०७८/०४/१४ सम्मको अवधिको हदम्याद, म्याद, तारेख थाम्ने थमाउने सम्बन्धमा सम्मानित सर्वोच्च अदालतको बृहत पूर्ण इजलासको मिति २०७७/०२/१५ आदेश बमोजिमको सूविधा मिति २०७८/०४/१५ देखि लागू हुनेछ ।

केशवराज कौशिक
शाखा अधिकृत